नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, भदौ १६ गते, २०७९ साल (संख्या ३३

भाग ३

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) आदेश, २०७९

प्रस्तावनाः सार्वजनिक सेवा प्रवाह तथा सरकारी काम कारबाहीमा विद्युतीय प्रणालीको प्रयोगलाई प्रवर्द्धन गर्न तथा सोको प्रयोगलाई व्यवस्थित, भरपर्दो, सुरक्षित बनाउन एवं साइबर सुरक्षाका सम्बन्धमा आवश्यक नीति निर्माण तथा सोको कार्यान्वयन गरी विद्युतीय सुशासन कायम गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

परिच्छेद-१
संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) आदेश, २०७९" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको विद्युतीय सुशासन आयोग सम्झनु पर्छ।

(ग) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा ९ बमोजिम नियुक्त आयोगको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।

(घ) "विद्युतीय प्रणाली" भन्नाले अन्तर आबद्ध वा आपसमा सम्बन्धित विद्युतीय उपकरण वा उपकरणहरुको समूह सम्झनु पर्छ र सो शब्दले एकभन्दा बढी उपकरण, विद्युतीय तथ्याङ्क वा सिग्नलको स्वचालित रुपमा प्रशोधन गर्ने कार्य र स्थायी, अस्थायी वा अन्य कुनै प्रकारको विद्युतीय भण्डार माध्यमलाई समेत जनाउँछ।

(ङ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ।

मुद्रण विभाग, सिंहदरबार

परिच्छेद-२
आयोगको गठन, बैठक तथा काम, कर्तव्य र अधिकार

३. **आयोगको गठनः** सरकारी निकायमा सञ्चालन हुने विद्युतीय प्रणालीलाई सुरक्षित बनाई विद्युतीय सुशासन कायम गर्न देहाय बमोजिमको विद्युतीय सुशासन आयोग गठन हुनेछः-

(क)	प्रधानमन्त्री	- अध्यक्ष
(ख)	सञ्चार तथा सूचना प्रविधि मन्त्री	- सह-अध्यक्ष
(ग)	मुख्य सचिव, नेपाल सरकार	- सदस्य
(घ)	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	- सदस्य
(ङ)	सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	- सदस्य
(च)	नेपाल सरकारबाट नियुक्त कम्तीमा एक जना महिला सहित दुई जना	- सदस्य
(छ)	प्रमुख कार्यकारी अधिकृत	- सदस्य-सचिव

४. **सदस्यको योग्यता तथा पदावधिः** (१) दफा ३ को खण्ड (च) बमोजिम नियुक्त गरिने सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट सूचना प्रविधि सम्बन्धी विषयमा स्नातक तह उत्तीर्ण गरी कुनै विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(ख) सूचना प्रविधि सम्बन्धी क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसार पसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको, र

(घ) प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको।

(२) उपदफा (१) बमोजिम नियुक्त सदस्यको पदावधि बढीमा चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइको उचित मौका दिनु पर्नेछ।

५. **सदस्यको पद रिक्त हुनेः** देहायको अवस्थामा दफा ३ को खण्ड (च) बमोजिम नियुक्त सदस्यको पद रिक्त हुनेछः-

(क) अध्यक्ष समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) दफा ४ को उपदफा (१) बमोजिमको योग्यता कायम नरहेमा,

(ग) दफा ४ को उपदफा (२) बमोजिमको पदावधि समाप्त भएमा,

(घ) दफा ४ को उपदफा (३) बमोजिम पदबाट हटाइएमा,

(ङ) निजको मृत्यु भएमा।

६. **आयोगको बैठकः** (१) आयोगको बैठक आवश्यकता अनुसार बस्नेछ र आयोगको एक बैठक र अर्को बैठक बीचको अन्तर छ महिनाभन्दा बढी हुने छैन।

(२) अध्यक्षको निर्देशनमा आयोगको सदस्य-सचिवले आयोगको बैठक बोलाउनेछ।

(३) आयोगको बैठकको अध्यक्षता अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा आयोगको सह-अध्यक्षले गर्नेछ।

(४) आयोगको बैठकमा कुनै पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) आयोगको बैठकमा भएको निर्णय बैठकमा अध्यक्षता गर्ने व्यक्ति र आयोगको सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(६) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. **आयोगको काम, कर्तव्य र अधिकारः** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सरकारी निकायमा सञ्चालन हुने विद्युतीय प्रणालीको स्थापना, सञ्चालन तथा सोको सुरक्षा (साइबर सेक्युरिटी) सम्बन्धी एकीकृत नीति तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(ख) सूचना प्रविधि तथा विद्युतीय सुशासन सम्बन्धमा अल्पकालीन र दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकारसमक्ष पेश गर्ने,

(ग) सूचना प्रविधिको क्षेत्रमा रोजगारी प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(घ) सरकारी निकायमा रहने विद्युतीय तथ्याङ्कको भण्डारण, विद्युतीय सञ्चार उपकरण तथा विद्युतीय सञ्जालको सुरक्षा तथा सार्वजनिक सेवाको लागि त्यस्तो निकायमा प्रयोग हुने विद्युतीय प्रणालीको सञ्चालन सम्बन्धमा आवश्यक मापदण्ड बनाई लागू गराउने,

(ङ) सूचना प्रविधि सम्बन्धी एकीकृत डाटा सेन्टरको स्थापना, सञ्चालन र व्यवस्थापनको मापदण्ड बनाई लागू गराउने,

(च) विद्युतीय माध्यमबाट गरिने आर्थिक कारोबारको लागि आवश्यक पर्ने विद्युतीय प्रणालीको मापदण्ड बनाई लागू गराउने,

(छ) विद्युतीय प्रणालीको प्रयोगको सम्भावना र आवश्यकताको विषयमा अध्ययन गरी आवश्यक नक्साङ्कन (म्यापिङ) गर्ने,

(ज) सरकारी वा अन्य विद्युतीय प्रणालीको सुरक्षा, विद्युतीय प्रणालीको परीक्षण, सूचना प्रविधि सुरक्षा सूचकाङ्क समेतका विषयमा अध्ययन तथा सम्भावित चुनौति आकलन गरी आवश्यक सतर्कता वा समस्या समाधानको लागि तत्कालै पहल गर्ने,

(झ) सरकारी निकायमा रहने विद्युतीय प्रणालीलाई सुरक्षित, भरपर्दो र व्यवस्थित प्रयोगको लागि प्रचलित कानूनमा पुनरावलोकन गर्न वा नयाँ कानून तर्जुमाको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ञ) सरकारी निकायमा विद्युतीय प्रणाली मार्फत हुने सेवा प्रवाह र काम कारबाहीमा उत्पन्न हुन सक्ने जोखिम, सुरक्षा र चुनौतिका

सम्बन्धमा अध्ययन गरी त्यस्ता निकायलाई आवश्यक सुझाव दिने,

(ट) सरकारी सेवामा विद्युतीय प्रणाली सम्बन्धी कार्यको विकास, सञ्चालन तथा जनशक्ति व्यवस्थापनमा देखिएका समस्याको पहिचान र सोको समाधानको लागि आवधिक रुपमा नेपाल सरकारलाई सुझाव दिने,

(ठ) नेपाल सरकार तथा प्रदेश सरकारका निकाय तथा स्थानीय तह, सार्वजनिक संस्था, निजी क्षेत्र तथा शैक्षिक क्षेत्रका बीच तथ्याङ्क आदानप्रदान (डेटा सेयरिङ) लाई सहजीकरण गर्ने सम्बन्धमा आवश्यक नियामक तथा नीतिगत प्रारुप तयार गर्न नेपाल सरकारलाई सुझाव दिने,

(ड) नेपालमा विकास भएका सफ्टवेयर विदेशमा निर्यात गर्ने व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउने सम्बन्धमा आवश्यक नीति तर्जुमा गरी नेपाल सरकारलाई सुझाव दिने तथा सफ्टवेयर आउटसोर्सिङको लागि विदेशी राष्ट्र र बहुराष्ट्रिय कम्पनीसँग समन्वय तथा सहकार्य गर्ने कार्यमा सहजीकरण गर्ने,

(ढ) सूचना प्रविधिको क्षेत्रमा नवप्रवर्तन, इन्कुबेशन केन्द्र तथा स्टार्टअप व्यवसायको अभिवृद्धिका लागि आवश्यक नीति तथा

कार्ययोजना तयार गरी सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ण) डिजिटल नेपाल फ्रेमवर्क लगायत नेपाल सरकारबाट तोकिएका सूचना प्रविधिसँग सम्बन्धित अन्य नीति, कार्यक्रम तथा आयोजना प्रभावकारी कार्यान्वयनका लागि समन्वय, सहजीकरण गर्ने तथा सोको कार्यान्वयनको सम्बन्धमा मूल्याङ्कन गर्ने,

(त) राज्यबाट प्रदान गरिने सेवा प्रवाहलाई सरल, सहज, पारदर्शी र द्रुत गतिमा सम्पादन गर्न आवश्यक मापदण्ड तथा कार्यविधि तर्जुमा गरी सम्बन्धित निकायमार्फत कार्यान्वयन गराउने,

(थ) सूचना प्रविधिको क्षेत्रमा दक्ष जनशक्तिको आकलन, उत्पादन, प्राविधिक क्षमता अभिवृद्धि तथा व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने, गराउने,

(द) नेपाल सरकारका निकाय, प्रदेश सरकार र स्थानीय तहमा सूचना प्रविधिसँग सम्बन्धित कार्यहरु कार्यान्वयनका लागि अनुगमन, समन्वय र सहजीकरण गर्ने,

(ध) विद्युतीय सुशासन सम्बन्धमा नेपाल सरकारबाट निर्देशन भए बमोजिमको कार्य गर्ने।

८. **अनुगमन तथा मूल्याङ्कन गर्नेः** आयोगले सार्वजनिक सेवा प्रवाहको लागि सरकारी निकायबाट सञ्चालन हुने विद्युतीय प्रणालीको प्रयोगको विषय तथा आयोगले बनाएको मापदण्डको पालनाको विषयमा आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्न र सोको आधारमा सरकारी निकायलाई आवश्यक सुझाव तथा निर्देशन दिन सक्नेछ।

परिच्छेद-३

प्रमुख कार्यकारी अधिकृतको नियुक्ति, योग्यता, सेवाका शर्त तथा सुविधा

९. **प्रमुख कार्यकारी अधिकृतको नियुक्तिः** (१) नेपाल सरकारले देहायको योग्यता भएका नेपाली नागरिकहरु मध्येबाट उपयुक्त व्यक्तिलाई आयोगको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गर्न सक्नेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट सूचना प्रविधि सम्बन्धी विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(ख) सूचना प्रविधि सम्बन्धी क्षेत्रमा कम्तीमा बाह्र वर्षको अनुभव हासिल गरेको,

(ग) दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कसूरमा सजाय नपाएको, र

(घ) प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको।

(२) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृतले पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा नेपाल सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइको उचित मौका दिनु पर्नेछ।

१०. **प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुनेः** देहायको अवस्थामा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुनेछः-

(क) अध्यक्ष समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) दफा ९ को उपदफा (१) बमोजिमको योग्यता कायम नरहेमा,

(ग) दफा ९ को उपदफा (२) बमोजिमको पदावधि समाप्त भएमा,

(घ) दफा ९ को उपदफा (३) बमोजिम पदबाट हटाइएमा,

(ङ) निजको मृत्यु भएमा।

११. **प्रमुख कार्यकारी अधिकृतको सेवा, शर्त तथा सुविधाः** (१) प्रमुख कार्यकारी अधिकृत आयोगमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सुविधा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको कार्यकारी प्रमुखको रुपमा काम गर्ने,

(ख) आयोगको योजना तथा कार्यक्रम तयार गरी आयोगमा पेश गर्ने,

(ग) आयोगको मानव स्रोत व्यवस्थापन तथा आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,

(घ) बैठकको कार्यसूची तयार गरी आयोगमा पेश गर्ने।

परिच्छेद-४
विविध

१३. **कार्यसम्पादन सम्झौता तथा कार्यसम्पादन मूल्याङ्कनः** नेपाल सरकारको मुख्य सचिवले प्रमुख कार्यकारी अधिकृतसँग सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरी सो सूचकको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नेछ।

१४. **जनशक्ति तथा बजेट व्यवस्थाः** (१) आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ।

(२) आयोगको लागि आवश्यक बजेट नेपाल सरकारले उपलब्ध गराउनेछ।

१५. **विद्युतीय प्रणालीको प्रयोग गर्नुपर्नेः** (१) राष्ट्रिय हित तथा राष्ट्रिय सुरक्षाको दृष्टिले संवेदनशील हुने भनी आयोगबाट पहिचान

गरिएको क्षेत्रमा कुनै सरकारी निकायले विद्युतीय प्रणालीको प्रयोग गर्नुपर्ने भएमा त्यस्तो निकायले आयोगसँग समन्वय गरी विद्युतीय प्रणालीको प्रयोग गर्नु पर्नेछ।

(२) यो आदेश प्रारम्भ हुनु अघि विद्युतीय प्रणाली लागू भएका सरकारी निकाय र यो आदेश प्रारम्भ भएपछि विद्युतीय प्रणाली प्रयोग गर्ने सबै सरकारी निकायले आयोगबाट जारी मापदण्ड तथा निर्देशन बमोजिम विद्युतीय प्रणालीको प्रयोग गर्नु पर्नेछ।

१६. **कार्यदल गठन गर्न सक्ने:** (१) आयोगले आफूले सम्पादन गर्नुपर्ने कुनै कामको सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने कार्यदलको गठन, कार्यावधि र कार्यक्षेत्रगत शर्त त्यस्तो कार्यदल गठन गर्दा आयोगले तोके बमोजिम हुनेछ।

१७. **विज्ञको सेवा लिन सक्ने:** आयोगले यस आदेश बमोजिम सञ्चालन गरिने विद्युतीय प्रणालीमा उत्पन्न हुन सक्ने जोखिम कम गर्न तथा विद्युतीय सुशासन कायम गर्नका लागि सम्बन्धित विज्ञको सेवा आवश्यक पर्ने भएमा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी सम्बन्धित विज्ञबाट परामर्श सेवा लिन सक्नेछ।

१८. **आयोगको सचिवालय:** (१) आयोगको आर्थिक तथा प्रशासनिक कार्य सञ्चालन गर्न एक सचिवालय रहनेछ।

(२) सचिवालयको सङ्गठन संरचना नेपाल सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ।

१९. **स्वीकृति लिनुपर्नेः** प्रमुख कार्यकारी अधिकृत वा सदस्यले आयोगको कामको सिलसिलामा नेपाल भित्र भ्रमण गर्नु अघि आयोगको सह-अध्यक्षको र विदेश भ्रमण गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

२०. **समन्वय गर्नुपर्नेः** विद्युतीय सुशासनसँग सम्बन्धित विषयमा अध्ययन, नीतिगत तथा कानूनी व्यवस्था तथा मापदण्ड तय गर्दा आयोगले सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ।

२१. **निर्देशिका र कार्यविधि बनाई लागू गर्न सक्नेः** आयोगले आफ्नो दैनिक कार्य सञ्चालन तथा स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन गर्न प्रचलित कानूनको प्रतिकूल नहुने गरी आवश्यक निर्देशिका एवं कार्यविधि बनाई लागू गर्न सक्नेछ।

२२. **अधिकार प्रत्यायोजनः** (१) आयोगले आफूले सम्पादन गर्नुपर्ने कुनै कार्य प्रमुख कार्यकारी अधिकृत वा अन्य कुनै सदस्यले सम्पादन गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रमुख कार्यकारी अधिकृतले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकार मध्येबाट केही अधिकार आयोगको अधिकृत स्तरको कर्मचारीले प्रयोग गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

२३. **प्रतिवेदन पेश गर्नेः** (१) आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्षभरीमा गरेका प्रमुख काम कारबाही तथा विद्युतीय सुशासनको क्षेत्रमा हासिल भएको उपलब्धि सम्बन्धी विषय समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन नेपाल सरकारको निर्देशन बमोजिम आयोगले सार्वजनिक गर्नु पर्नेछ।

२४. **नेपाल सरकारसँग सम्पर्कः** आयोगले नेपाल सरकारसँग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत गर्नु पर्नेछ।

आज्ञाले,
धनराज ज्ञवाली
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार